नेपाल सरकार मन्त्रिपरिषद्का २०८२ कात्तिक १७ गतेको बैठकका निर्णयहरू

क्र.सं	मन्त्रालय	निर्णयको सङ्क्षिप्त व्यहोरा
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	वैदेशिक रोजगार न्यायाधिकरणको सदस्यमा नेपाल न्याय सेवा, सरकारी वकील समूहका सहन्यायाधिवक्ता श्री घनश्याम ओझालाई तोक्ने।
२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	स्विट्जरल्याण्डको जेनेभामा २०८२ मङ्सिर १ देखि ३ गतेसम्म आयोजना हुने नेपालको व्यापार नीतिको तेस्रो समीक्षामा सहभागी हुन वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. राम प्रसाद घिमिरेलाई स्वीकृति प्रदान गर्ने।
३	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप कोष सञ्चालन नियमावली, २०८२ स्वीकृत गर्ने।
४	खानेपानी मन्त्रालय	खानेपानी मन्त्रालयका सचिव श्री प्रमिला देवी शाक्य वज्राचार्यलाई थाइल्यान्डको बैंककमा आयोजना हुने High-Level summit on Water Security and Resilience विषयक कार्यक्रममा २०८२ मङ्सिर २२ देखि २६ गतेसम्म सहभागी हुन स्वीकृति प्रदान गर्ने।
५	गृह मन्त्रालय	जेन-जी (Gen-z) पुस्ताद्वारा २०८२ भदौ २३ र २४ गते गरिएको प्रर्दशनको क्रममा मृत्यु भएका ४५ जना व्यक्तिहरूलाई राज्यको तर्फबाट शहीद घोषणा गर्ने।
६	गृह मन्त्रालय	सर्वोच्च अदालतको आदेशबमोजिम पदममाया गुरुङलाई क्षतिपूर्ति बापत छ लाख तीन हजार छ सय रुपियाँ उपलब्ध गराउने।
७	गृह मन्त्रालय	विपद् संकटग्रस्त क्षेत्र घोषणा भएका ईलाम जिल्लाका प्रभावित स्थानीय तहहरूलाई सहयोग उपलब्ध गराउन आवश्यक पर्ने पाँच करोड तिस लाख रुपियाँ विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने।
८	गृह मन्त्रालय	दक्षिण कोरियाली नागरिक MIJIN LEE लाई गैरकानूनी रूपमा नेपाल प्रवेश गरेको मितिदेखि निष्कासन मितिसम्म प्रचलित कानूनअनुसार लाग्ने विलम्ब शुल्क र जरिवाना बापतको रकम मिनाहा गरी नेपालबाट प्रस्थान गराउन अनुमति दिने।
९	रक्षा मन्त्रालय	नेपाली सेनाका दश जना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा बढुवा गर्ने।
१०	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।
११	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, तराई मधेश समृद्धि कार्यक्रम र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम आयोजना समन्वय इकाइको लागि आ.व. २०८२/८३ मा अधिकृतस्तरका दश अस्थायी दरबन्दी स्वीकृत गर्ने।
१२	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने।
१३	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत विज्ञापन बोर्डको लागि आ.व. २०८२/८३ मा अधिकृतस्तरका आठ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

CamScanner